## कार्यपालिका बैठक नं. ७६/२०७७/०९/०६

आज मिति **२०७७ साल पौष ०६** गते सोमवारका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठित खडक नगरपालिका नगरकार्यपालिकाको बैठक, नगरपालिकाका नगरप्रमुख श्री हेमायु हक ज्युको अध्यक्षतामा उप-प्रमुख ज्यू, तथा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी तपसिल वमोजिम निर्णय गरियो ।

### उपस्थिति

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री हेमायु हक | |
| २ | उप-प्रमुख | श्री यासमिन सुलतान | |
| ३ | वडा अध्यक्ष | श्री सिंहेश्वर मण्डल | |
| ४ | वडा अध्यक्ष | श्री राम अवतार साह | |
| ५ | वडा अध्यक्ष | श्री गमकलाल चौधरी | |
| ६ | वडा अध्यक्ष | श्री गंगाराम चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री विजय कुमार साह | |
| ८ | वडा अध्यक्ष | श्री भगवति प्रसाद चौधरी | |
| ९ | वडा अध्यक्ष | श्री राकेश कुमार साह | |
| १० | वडा अध्यक्ष | श्री मो. ईसराईल मिया | |
| ११ | वडा अध्यक्ष | श्री मो. ईफारुल मिया | |
| १२ | वडा अध्यक्ष | श्री राजेन्द्र प्रसाद चौधरी | |
| १३ | वडा अध्यक्ष | श्री रामकृष्ण चौधरी | |
| १४ | नगरकार्यपालिका सदस्य | श्री परियागी कुमारी चौधरी | |
| १५ | नगरकार्यपालिका सदस्य | श्री जतरी देवी सरदार | |
| १६ | नगरकार्यपालिका सदस्य | श्री सिया देवी मंडल | |
| १७ | नगरकार्यपालिका सदस्य | श्री जलेश्वरी देवी मंडल | |
| १८ | नगरकार्यपालिका सदस्य | श्री प्रमिला देवी मोची | |
| १९ | नगरकार्यपालिका सदस्य | श्री श्याम नन्दन चौधरी | |
| २० | नगरकार्यपालिका सदस्य | श्री विसुन साह | |
| २१ | नगरकार्यपालिका सदस्य | श्री सुर्य नारायण दास गडेरी | |
| २२ | सदस्य सचिव (प्र.प्र.अ.) | श्री राम नारायण साह | |

### आमन्त्रित

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत छैठौं | श्री रामाकान्त चौधरी | |
| २ | सूचना प्रविधि अधिकृत | श्री मनोज कुमार साह | |
| ३ | लेखा सहायक पाचौं | श्री प्रमोद कुमर साह | |
| ४ | विकास सहजकर्ता | श्री अमर कुमार यादव | |
| ५ | | | |

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. गत आ.व.०७६।७७ को अल्या वजेट बाँडफाँड सम्बन्धमा ।
२. गाडीको ईन्धन खपत/खर्च सम्बन्धमा ।
३. सरकारी गाडी मर्मत सम्बन्धमा ।
४. प्रोत्साहन भत्ता सम्बन्धमा ।
५. कार्यविधिहरु स्वीकृति सम्बन्धमा ।
७. न.पा. कर्मचारीको आवासको व्यवस्थापन सम्बन्धमा ।
८. खरिद समिति तथा मुल्यांकन समिति गठन संसोधन सम्बन्धमा ।
९. जोखिम भत्ता भुक्तानी सम्बन्धमा ।
१०.अन्तराष्ट्रिय वाल दिवसको व्याडमिन्टन खेल प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा ।
११. खडक न.पा. २ को स्वास्थ्य चौकीको लागि अ.न.मि. राख्ने सम्बन्धमा ।
१२. बेवारिसे लास व्यवस्थापनको खर्च भुक्तानी सम्बन्धमा ।
१३. गत आ.व.को हटिया ठेक्काको म्याद थप सम्बन्धमा ।
१४.जनता रा.प्रा.वि कल्याणपुरको दुई कोठामा पी-फोर्म तथा कार्पेट लगाउने सम्बन्धमा ।
१५. एस.एन.भि नेपालको सहयोगमा कार्यविधि स्वीकृति सम्बन्धमा ।
१६. संस्कृति तथा मेला महोत्सवमा सहयोग सम्बन्धमा ।
१७ खडक न.पा.१ को वच्चा दुर्घटनाको राहत सम्बन्धमा ।
१८. दलित सरोकार मन्चद्धारा राहत वितरणका लागि व्यवस्थापन खर्च भुक्तानी सम्बन्धमा ।
१९. प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग फारम भरि पठाउने सम्बन्धमा ।

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.व. २०७६।७७ को अल्या वजेट रकम रु ८,४२,५८,०००।०० वाट तपसिल अनुसार योजना तथा कार्यक्रमको लागि वजेट वाँडफाँड गर्ने निर्णय सर्वसम्तले पारित गरियो ।

**तपसिल :**

| सि.नं. | योजना तथा कार्यक्रम | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | जनप्रतिनिधिको सेवा सूविधा | १८०००।०० | |
| २ | फूलमहमदको घर देखि मनोज चौधरीको घर सम्म आर.सी.सी ढलान गत आ.व.को योजना, खडक न.पा. १ | ३०००।०० | |
| ३ | माटो ग्राभेल गत आ.व.को योजना खडक न.पा. ५ | ५००।०० | |
| ४ | लालपूरको अधुरो पूल मर्मत खडक न.पा ११ गत आ.व.को योजना | ५००।०० | |
| ५ | अ.न.मी.हरुको तलव | १२५०।०० | |
| ६ | नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालय (६र८) भवन निर्माण(क्रमागत योजना) | ३००००।०० | |
| ७ | प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे खरिद र स्वास्थ्य विमा भवन निर्माण | ५०००।०० | |
| ८ | खडक न.पा. ८ को स्वास्थ्य चौकी जाने वाटोमा आर.सी.सी पुल निर्माण | ४०००।०० | |
| ९ | खडक न.पा. वडा नं. ५, खरचूहिया वजारमा प्रहरी चौकी भवन निर्माण | २०००।०० | |
| १० | हटिया तथा वजार व्यवस्थापनको लागि मर्मत सम्भार खडक न.पा १ देखि ११ सम्म | १०००।०० | |
| ११ | मेयर गोल्ड कप संचालन | १०००।०० | |
| १२ | पूजिंगत परामर्श तथा अनुसंधान खडक न.पा. | ३०००।०० | |

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३ | खडक न.पा.भित्रका सम्पूर्ण वडामा तारपोल मर्मतसम्भार | ७००।०० | |
| १४ | कम्प्युटर सफटवेयर निर्माण तथा खरिद | १०००।०० | |
| १५ | सडक मर्मत सम्भार खडक न.पा. १ देखि ११ सम्म | १५००।०० | |
| १६ | ईलाका प्रहरी कार्यालय कडरवोना थानाको वाउण्ड्रीवाल निर्माण | १००।०० | |
| १७ | गाईघाट रोड देखि दिशाजन्य लेदो पदार्थ व्यवस्थापन स्थल सम्म माटो ग्राईभेल खडक न.पा. ६ | ५००।०० | |
| १८ | लोकमार्ग देखि उत्तर थारु सग्रहालय सम्म माटो ग्राईभेल तथा कलभर्ट निर्माण समेत खडक न.पा. ४ | १५००।०० | |
| | रंजित चैधरीको पोखरी देखि दक्षिण जितेन्द्र चौधरीको जग्गा सम्म माटो पूर्ने काम | १००।०० | |
| १९ | खडक न.पा. ७ को मझाउ टोलको खडक खोलामा पर्ने ११ केभिपोल तारलाई परिवर्तन गरी एक्स.एल.पी. केवल ३ कोर ३०० मि मा अन्डर ग्राउण्ड तारपोल जडान | १०००।०० | |
| २० | आयुर्वेद भवन देखि पश्चिम जाने वाटोमा माटो ग्राईभेल खडक न.पा. ९ मा, ५लाख | ५००।०० | |
| २१ | मण्डल टोलको आर.सी.सी. ढलान देखि पूर्व दक्षिण माटो ग्राईभेल खडक न.पा. ९ | ५००।०० | |
| २२ | राजमार्ग देखि प्रहरी चौकी हूदैं हटिया सम्मको वाटो स्तर उन्नति गर्ने काम खडक न.पा. ८ मा ५लाख | ५००।०० | |
| २३ | फुलवडियामा सवूरलाल चौधरीको घर देखि गुलाम मियाको घरसम्म वाटोमा नाला सहित आर.सि.सि. ढलान खडक न.पा. १० मा २० लाख | २०००।०० | |
| २४ | रंजितपूरको मूसहर्निया खोलामा ढुगा जाली गर्ने काम खडक न.पा. ५मा ५लाख | ५००।०० | |
| २५ | खोजपूरको आधारभूत स्कुल देखि दक्षिण जाने वाटोको आर.सी.सी ढलान खडक न.पा. ५ | १०००।०० | |
| २६ | वनरझुलाको डिहवार थान वाउण्ड्रीवाल, गेट तथा माटो भर्ने काम खडक न.पा. ३ | ५००।०० | |
| २७ | होम पाइप सहित माटो ग्राभेल तथा नाला निर्माण (कुसुम लाल साहको घर देखि हेम ना.साहको घर हुदै घुरन साहको घर सम्म र रामदेव दासको घरदेखि सदा टोल हुदै कमलु साहको घर सम्म) | १२००।०० | |
| २८ | लवटोलीयामा भूलो साहको घर देखि जोलहनिया नदीसम्म माटो ग्राईभेल होम पाईप समेत, खडक न.पा.१ | ५००।०० | |
| २९ | पूजिंगत विविध खर्च | १४०८।०० | |
| १८ | जम्मा | ८४२५८।०० | |

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल हुँदा यस खडक नगरपलिकामा रहेका पद्माधिकारीहरु तथा अन्य सार्वजनिक संस्थाको कामको प्रकृति हेरी तपसिल अनुसार मासिक ईन्धन उपलव्ध गराउने/दिने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | पद | प्रति महिना | कैफियत |
|---|---|---|---|
| १ | जनप्रतिनिधि ज्यूहरु | प्रदेश सरकारवाट स्वीकृत सेवासुविधा वमोजिम | पेट्रोल/डिजल |
| २ | कार्यालय प्रमुख | आवश्यकता वमोजिम | पेट्रोल/डिजल |
| ३ | अधिकृत स्तरका कर्मचारीहरु | १५ लि | पेट्रोल |
| ४ | ना.सु./सहायक स्तर/वडा सचिव | १० लि | पेट्रोल |
| ५ | प्राविधिक कर्मचारी/योजना शाखाका | १५-२५ लि. | पेट्रोल |

राम नारायण साह
अधिकृत

| | | | |
|---|---|---|---|
| | कर्मचारीहरु (न.पा.भित्र/राजविराज) | | |
| ६ | ईलाका प्रहरी कार्यालय कल्याणपुर । | ४० लि. | डिजल |
| ७ | ईलाका प्रहरी कार्यालय कडरवोना | ३० लि | डिजल |
| ८ | सशस्त्र प्रहरी वल कडरवोना | ३० लि | डिजल |
| ९ | नं. १ वन पर्यावरण सुरक्षा गण | ३०लि | डिजल |
| १० | खडक न.पा. वडा अर्न्तगतका प्रहरी चौकीहरु | १० लि | पेट्रोल |

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस खडक न.पा.को कार्यालय कामकाजका लागि प्रयोगमा रहेका हेभी गाडीको मर्मत गर्नुपर्ने भएमा मेकानिकल ईन्जिनीयरको स्पेसिफिकेसन अनुसार र मोटरसाईकल, स्कुटर तथा अन्य हलुका गाडीहरुको कम्तिमा प्रति दुई महिनामा मर्मत आदेश अनुसार सम्झौता भएका सुचिकृत फर्म/संस्थाद्धारा मर्मत गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा गत आ.व. २०७७।७८ कै निर्णय कार्यान्वयन हुने गरी यस न.पा.को नगरकार्यपालिकाको कार्यालय अर्न्तगत निम्न शाखामा कार्यरत कर्मचारीहरुलाई आ.आफनो काम तथा जिम्मेवारी प्रति उत्साह/जागरुक गर्नको लागी खाईपाई आएको तलव स्केलको ३०% (तिस प्रतिसत) प्रोत्साहन भत्ता वापत २०७७ मंसिर १ गते देखि लागु हुने गरी न.पा.को चालु/कन्टिजेन्सी शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निम्न :**

क) प्रमुख प्रशासकीय अधिकृत ।
ख) आर्थिक प्रशासन शाखा अर्न्तगतका कर्मचारी ।
ग) जिन्सी/राजस्व शाखा अर्न्तगतका कर्मचारी ।
घ) आई.टी/कम्प्युटर अपरेटर/प्रशासन शाखा अर्न्तगतका कर्मचारी ।
ङ) योजना/प्राविधिक शाखा अर्न्तगतका कर्मचारी ।
च) कार्यालय सहयोगी ।

निर्णय नं. ४ मा माथि जे उल्लेख भए पनि प्राविधिक शाखा अर्न्तगतका कर्मचारीहरुका हकमा कार्यसम्पादन मुल्यांकनका आधारमा खाईपाई आएको तलव स्केलको ५०% र वडा सचिवको हकमा १५% मा नवढ्ने गरी प्रोत्साहन भत्ता वापतको रकम भुक्तानी गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा यसै साथ संलग्न तपसिल वमोजिमका कार्यविधि तथा नियमावली पारित गरी अनुमेदनको लागि नगरसभाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. मेसिनरी उपकरण संचालनको लागि आवश्यक व्यवस्था गर्न वनेको नियमावली,२०७७
२. स्थानीय तहको सरकारवाट गरिने वजार अनुगमन निर्देशिका, २०७७
३. स्थानीय स्वास्थ्य तथा सफाई विध्येयक, २०७७
४.लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७
५. खडक नगरपालिकाको अर्थिक सहायता वितरण मापदण्ड, २०७७

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल हुँदा न.पा.को कार्यालय प्रयोजनको लागि मिति २०७७।०९।०७ गते देखि लागु हुने गरि १ (एक) थान गाडी भाडामा लिने निर्णय गरियो ।





राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल हुँदा यस खडक न.पा.को प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको लागि मात्र आवासको व्यवस्था गर्ने निर्णय गरियो साथै अरु न.पा.को क्वाटरमा वस्ने अन्य कर्मचारीहरुको हकमा स्वम् निजले १(एक) महिना भित्र आ-आफ्नो वसोवासको व्यवस्था गर्ने तत् पस्चात प्रयोगमा नआउने क्वाटरलाई एक महिनाको समय दिई न.पा. वाट भएका सम्झौता रद्ध गरी घर भाडा वापतको भुक्तानी नदिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ माथि छलफल हुँदा मिति २०७७।०६।१२ गतेको कार्यपालिकाको निर्णयानुसार गठन भएका यस न.पा.को खरिद समिति तथा मुल्यांकन समितिको गठन रद्ध गरी सार्वजनिक खरिद ऐन २०६३ वमोजिम तपसिल अनुसार पुनः खरिद समिति तथा मुल्यांकन समितिहरु गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :**

**क) खरिद समिति**

| | | | |
|---|---|---|---|
| १. | श्री रमाकान्त चौधरी | (प्रशासकीय अधिकृत छैठौं) | संयोजक |
| २. | श्री धनराज साहु | (ना.सु. ⁄ जिन्सी शाखा) | सदस्य |
| ३. | श्री प्रमोद कुमार साह | (लेखापाल ⁄ सहायक पाँचौं) | सदस्य |

**ख) मुल्यांकन समिति**

| | | | |
|---|---|---|---|
| १. | श्री महिनारायण चौधरी | (ईन्जिनीयर ⁄ आठौं तह) | संयोजक |
| २. | श्री मनोज कुमार साह | (सूचना प्रविधि अधिकृत) | सदस्य |
| ३. | श्री प्रमोद कुमार साह | (लेखापाल ⁄ सहायक पाँचौं) | सदस्य |
| ४. | श्री मनोज कुमार साह | (कम्प्युटर अपरेटर) | सदस्य |
| ५. | श्री रमाकान्त चौधरी | (प्रशासकीय अधिकृत छैठौं) | सदस्य सचिव |

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ माथि छलफल हुँदा मिति २०७७।०२।१४ गतेको कार्यपालिकाको वैठकको निर्णय नं. १० अनुसार खडक न.पा.अन्र्तगत संचालित तथा संचालन हुने कोभिड नियन्त्रण कार्यक्रम, राहत वितरण तथा कोरेन्टाईन व्यवस्थापनमा यस कार्यालय बाट खटिने कर्मचारीहरुको जोखिम भत्ता नेपाल सरकारको स्वीकृत नर्मस बमोजिम निर्धारण गर्ने तथा सो अवधिमा खटिएका कर्मचारीहरुलाई कार्यालय प्रमुखको सिफारिसको अधारमा उक्त जोखिम भत्ता दिने निर्णय भए वमोजिम उक्त जोखिम भत्ता वापतको रकम स्वीकृत टिप्पणी आदेश अनुसारको रकम रु **२९,८३,१३२।०० (अक्षरेपी रु उनन्तीस लाख त्रियासी हजार एक सय बतीस मात्र)** गत आ.व.को भुक्तानी वाँकी म.ले.प. १८ नं. फारम भरि कोरोना संक्रमण नियन्त्रण उपचार कोषवाट भुक्तानी दिने निर्णय सर्व सम्मतले परित गरियो ।

**निर्णय नं. १०:**

प्रस्ताव नं. १० माथि छलफल हुँदा अन्तराष्ट्रिय वाल दिवसको अवसरमा सवल नेपाल र खडक न.पा.को साझेदारीमा संचालन भएको व्याडमिन्टन प्रतियोगितामा भएको खर्च रकम रु ३०,५००।०० अक्षरेपी रु तीस हजार पाँच सय विल भर्पाई अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:**

प्रस्ताव नं. ११ माथि छलफल हुँदा हालसालै खडक न.पा. २ मा स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रमा हाल १ जना स्वास्थ्य चौकी प्रमुखले मात्र कामकाज चलाउदै आएको वाध्यतालाई मध्य नजर राख्दै एक जना स्वास्थ्य कर्मीको अत्यन्तै खाँचो परेको हुँदा डोर हाजिरीमा **प्रति दिन रु २७०।०० (अक्षरेपी रु दुई सय सत्तरी मात्र)** पाउने गरी मिति २०७७।०९।०७ गते देखि लागु हुने गरी २०७८ अषाढ मसान्त सम्मको लागि खडक न.पा. वडा नं. १ वस्ने पुजा कुमारी मण्डललाई भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

प्रस्ताव नं. १२ माथि छलफल हुँदा खडक न.पा. वडा नं. २ को कार्यालयको प.सं. ०७७।७८ च.नं. १०४, मिति २०७७।०६।१९ को प्राप्त पत्रानुसार खडक न.पा. वडा नं.२ को वेरागो खोलामा फेला परेको वेवारिसे लासको सदगत गरे वापतको खर्च रु ५,०००।०० (अक्षरेपी रु पाँच हजार मात्र) श्याम गेन सिंहको नाउमा भुक्तानी गर्ने निर्णय गरियो ।

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३:**

प्रस्ताव नं. १३ माथि छलफल हुँदा गत आ.व. २०७६।७७ को लागि यस नगरपालिका बाट हटिया ठेक्का लगाएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसलाई मध्यनजर गर्दै ठेक्का लगाईएका हटियामा बट्टी उठाउन २०७६ चैत्र देखि बन्देज गरिएकोले बट्टी संकलन गर्ने समय चार महिना बाँकी रहन गएकोले अगामी २०७७ चैत्र मसान्त सम्मको लागि समयावधि थप गर्ने तथा नगरपालिकालाई रकम बुझाउन बाँकी रहेका ठेकेदारहरुलाई रकम बुझाई मात्र बट्टी संकलनको लागि म्याद थप गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १४:**

प्रस्ताव नं. १४ माथि छलफल हुँदा जनता रा.प्रा.वि कल्याणपुरमा कोभिड पिडितको लागि राहत वितरणको खद्यान्न भण्डारण गर्ने क्रममा त्यस विद्यालयको दुई कोठामा पी-फोर्म तथा कार्पेट नोक्सान भएकोले उक्त दुई केठामा लागत स्टिमेट वनाई पी-फोर्म तथा कार्पेट नियमानुसार खरिद गरी लगाउने निर्णय पारित गरियो ।

**निर्णय नं. १५:**

प्रस्ताव नं. १५ माथि छलफल हुँदा एस.एन.भि. नेपालको सहयोग तथा सवल नेपालको समन्वयमा यस नगरपालिकाद्धार तपसिलका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल :

१. नगर सफाई योजना सम्वन्धि कार्यविधि, २०७७
२. स्वच्छता तथा सरसफाईको बानी व्यहार परिवर्तनका लागि संचार रणनीति, २०७७
३. दिसाजन्य लेदो व्यवस्थापनमा पेशागत स्वास्थ्य तथा सुरक्षा सम्वन्धि संचालन कार्यविधि, २०७७

**निर्णय नं. १६:**

प्रस्ताव नं. १६ माथि छलफल हुँदा खडक न.पा. अर्न्तगत प्रम्परागत ढंगले मनाउदै अएका आफ्नो संस्कृति तथा चाडपर्व मेला महोत्सव मनाउन वडा कार्यालयको सिफारिसमा अधिकतम रु ३० हजार र न्यूनतम रु १० हजार विल भर्पाई अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:**

प्रस्ताव नं. १७ माथि छलफल हुँदा खडक न.पा. वडा नं. १ मा वाटो निर्माणको क्रममा नोखे मण्डलको छोरा वर्ष ११ को उमेश कुमार मण्डलको मृत्यु भएकोले उक्त परिवारलाई राहत स्वरुप रु ४ लाख न.पा.को चालु अर्न्तगत अन्य सहायता शीर्षवाट भुक्तानी गर्ने र अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:**

प्रस्ताव नं. १८ माथि छलफल हुँदा दलित सरोकार मञ्चको सहयोगमा यस खडक न.पा. को विभिन्न वडा अर्न्तगतका दलित घर परिवारलाई राहत वितरण गरकोले उक्त राहत व्यवस्थापनको लागि ढुवानी तथा उदघाटन र समापन खर्च वापतको भुक्तानी कोरोना संक्रमण नियन्त्रण तथा उपचार कोषवाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

प्रस्ताव नं. १९ माथि छलफल हुँदा यस खडक न.पा. को स्वीकृत दरवन्दि अनुसार पदपुर्ति भएका र पदपुर्ति हुन वाँकी रहेका कर्मचारीहरुको विवरण प्रदेश लोक सेवामा पठाउने निर्णय गरियो ।

राम नारायण साह
प्रमुख प्रशासकीय अधिकृत

खडक नगरकार्यपालिकाको मिति २०७७ पौष ०६ गते सोमवारका दिन बसेको कार्यपालिकाको बैठकका निर्णयहरु